नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-४६७०७५७
०१-४३८३०२३
०१-४३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं. ४८ २३

मिति: २०८१/०१/२३

विषय: परिपत्र सम्बन्धमा

श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै
श्री सम्पूर्ण स्थानीय तहहरू ७५३ वटै ।

प्रस्तुत विषयमा यस किताबखानाबाट प्रवाहित सेवा सुविधाहरूलाई थप सरल, सहज र व्यवस्थित बनाउँदै लैजानको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८०/१२/२१ मा तपसिल बमोजिमका विषयमा निर्णय भई सम्बन्धित सरोकारवाला निकायहरूलाई कार्यान्वयनको लागि अनुरोध गरी पत्राचार गर्न यस किताबखानालाई निर्देशन प्राप्त भएको हुँदा तपसिल अनुसारका बुँदाहरू कार्यान्वयनको सम्बन्धमा आवश्यक समन्वय, सहजीकरण तथा सहयोगको लागि पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल

शिक्षकको अनिवार्य अवकाशको सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम १३१ मा यस्तो व्यवस्था रहेको छः (१) **"कुनै शिक्षकको उमेर ६० वर्ष पूरा भए पछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ"** । त्यस्तै ऐ को नियम १३१ को स्पष्टिकरण खण्डमा उमेर गणनाको आधार सम्बन्धमा व्यवस्था गरिएको छ। जसमा **"यस नियमको प्रयोजनको लागि उमेर गणना गर्दा निज शिक्षकले सेवा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले सेवा प्रवेश गर्दा भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ "** भन्ने व्यवस्था रहेको छ।

कतिपय शिक्षकहरूले फरक फरक जन्ममिति उल्लेख भएका नागरिकता तथा फरक फरक जन्ममिति उल्लेख भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेश गर्ने गरेका कारण यदाकदा अनिवार्य अवकाशको मिति यकीन गर्न द्विविधा उत्पन्न हुने गरेको हुँदा यस सम्बन्धमा शिक्षा मन्त्रालयको मिति २०८०/१२/२१ मा निम्नानुसार गर्ने गरी निर्णय भएकोले आवश्यक कार्यान्वयन गरी सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई जानकारी समेत गराई दिनुहुन अनुरोध छ।

१. **शिक्षकबाट फरक फरक जन्म मिति उल्लेख भएका नागरिकताका प्रतिलिपि पेश हुन आएको अवस्थामा कुन जन्ममितिलाई आधार मानी अनिवार्य अवकाश दिने भन्ने विषयमाः**

क. कुनै शिक्षकले उमेर/जन्ममिति फरक फरक भएका नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपिहरू पेश गरेकोमा सम्बन्धित शिक्षकले सेवा प्रवेशको समयमा भरेको व्यक्तिगत विवरण फाराम (सिटरोल) मा संलग्न नागरिकताको प्रतिलिपिमा उल्लिखित जन्म मितिलाई आधार मान्ने। यदि प्रमाण कागजातबाट उक्त उमेरभन्दा अगावै अवकाश हुने भएको अवस्थामा सोही बमोजिम अवकाश

**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

दिने। यसमा जुन कागज प्रमाणबाट पहिला अवकाश हुन्छ सोही आधारमा अवकाश मिति कायम गर्ने सिद्धान्त अवलम्बन गर्ने।

ख. कुनै शिक्षकले पेश गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उक्त नागरिकताको टाउकोमा तथा नागरिकताको पछाडिपट्टि वा छुट्टै संशोधन पत्र दिई पहिलो पटक नागरिकता जारी भएको मितिभन्दा पछाडिको मितिमा पुनः संशोधित जन्ममिति भनी उल्लेख गरी नागरिकता लिएको हकमा शुरुमा (पहिलो पटक) जारी भएको नागरिकताको मुख्य भागमा लेखिएको जन्म मिति वा जन्म वर्ष वा जन्म सालका आधारमा हुन आउने जन्ममितिलाई आधार मान्ने।

ग. सेवा प्रवेशको समयमा निजले सिटरोल फाराममा पेश गरेको नागरिकताको प्रतिलिपि वा पछि पेश भएको प्रतिलिपिमध्ये जुनबाट पहिले अवकाश हुन्छ सोही मितिलाई आधार मानी उमेर गणना गर्ने।

घ. कुनै शिक्षकले पेश गरेको नागरिकतामा निजको पूरा जन्ममिति उल्लेख नभई जन्म साल मात्रै उल्लेख भएको रहेछ भने त्यस्ता शिक्षकको जन्ममिति उक्त सालको बैशाख १ गते कायम गरी शिक्षा नियमावली, २०५९ को नियम १३१ बमोजिम अनिवार्य अवकाशको मिति यकीन गर्ने।

ङ. त्यसैगरी उमेर मात्रै उल्लेख भएकाको हकमा जारी मितिबाट उमेर घटाउँदा हुन आउने पूरा मितिलाई नै निजको जन्ममिति मानी नियम १३१ बमोजिम अनिवार्य अवकाशको मिति यकीन गर्ने। (जस्तैः २०३८/११/१५ मा जारी भएको नागरिकतामा जन्ममिति/उमेर १८ वर्ष उल्लेख भएकोमा निजको जन्ममिति २०२०/११/१५ हुन आउँछ)। एउटै नागरिकतामा जन्म साल र उमेर दुबै उल्लेख भएको पाइएमा जुन उमेरबाट पहिला अवकाश हुन्छ सोही मितिलाई जन्ममिति कायम गरी अनिवार्य अवकाशको मिति यकीन गर्ने। नागरिकताका अतिरिक्त शैक्षिक योग्यताका प्रमाणपत्र एवम् सिटरोलमा समेत उपर्युक्त बमोजिम जन्ममिति उल्लेख भएको पाइएमा माथिकै आधारमा जन्ममिति कायम गरी नियमानुसार अनिवार्य अवकाशको मिति यकीन गर्ने।

च. कुनै प्रमाणपत्रमा पूरा जन्ममिति नखुलाई जन्म साल वा उमेर मात्रै खुलाएको र अरु कुनैमा पूरा जन्ममिति खुलाइएको रहेछ र त्यस्ता प्रमाणपत्रहरूको जन्ममिति बीचको अन्तर एक वर्ष वा सोभन्दा कम देखिएमा पूरा खुलेको प्रमाणपत्रको जन्ममितिलाई आधार मान्ने। तर एक वर्षभन्दा बढीको अन्तर देखिएमा जुन जन्ममिति (खुलेको वा नखुलेको) बाट पहिले अवकाश हुन्छ सोही जन्ममितिका आधारमा नियमानुसार अनिवार्य अवकाश दिने।

छ. ताहाँ पालिका अन्तर्गत कार्यरत कुनै शिक्षकले आफूले शुरुमा प्राप्त गरेको नागरिकतामा उल्लिखित जन्ममितिलाई संशोधन गरी पुनः नागरिकता लिएको पाइएमा निजले प्राप्त गरेका नागरिकताका प्रमाणपत्रहरू मध्ये जुन नागरिकताको जन्ममितिबाट पहिले निजको उमेर ६० वर्ष पूरा हुन्छ सोही जन्ममितिबाट निजलाई अनिवार्य अवकाश दिइने भएको हुँदा त्यस्ता शिक्षकहरूलाई नियमावलीले व्यवस्था गरे बमोजिम ६० वर्ष उमेरभन्दा बढी अवधिसम्म सेवामा नरहने सुनिश्चितताका लागि आफ्ना उमेर खुलेका सम्पूर्ण प्रमाण कागजसहित किताबखानामा समयमै सम्पर्क राख्न जानकारी गराइदिनुहोला।

युवराज पौडेल
उपमहानिर्देशक

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं

०१-४६७०७५७
०१-४३८३०२३
०१-४३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

ज. कतिपय शिक्षकहरूले शुरुको नागरिकतासहित फरक जन्ममिति र फरक नागरिकता नम्बर भएका पहिलो, दोश्रो हुँदै तेश्रो प्रतिलिपिसम्म लिएको फेला परेकोमा यस्ता प्रतिलिपि किताबखानामा समयमा पेश नगरी बढी अवधि नोकरी गर्ने गरेको पाइएको हुँदा यसतर्फ सम्बन्धित शिक्षकलाई समयमै आफ्ना जन्ममिति खुलेका सम्पूर्ण कागजात यस किताबखानामा पेश गर्न निर्देशन दिनुभई ६० वर्षको उमेरभन्दा बढी अवधिसम्म सेवा नगर्ने अवस्थाको सुनिश्चितता गर्नु गराउनुहोला।

**२. शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति अस्पष्ट वा फरक फरक पाइएमाः**

क. कुनै शिक्षकले सेवा प्रवेशको समयमा सिटरोल साथ पेश गरेका निजका विभिन्न तहका शैक्षिक योग्यताका प्रमाणपत्रमा फरक फरक जन्ममिति उल्लेख भएकोमा जुन तहको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्म मितिबाट निज पहिले अवकाश हुन्छ सोही जन्ममितिलाई आधार मानी नियम १३१ अनुसार अनिवार्य अवकाशको मिति यकीन गर्ने।

ख. कुनै शिक्षकले सिटरोल साथ पेश गरेको वा पछि पेश गरेको जन्ममिति उल्लेख भएका कागजातमध्ये जुन कागजातमा उल्लिखित जन्ममितिबाट निज पहिले अवकाश हुने देखिन्छ सोही प्रमाण कागजातका आधारमा शिक्षा नियमावली, २०५९ को नियम १३१ बमोजिम अनिवार्य अवकाशको मिति यकीन गर्ने।

**३. ६० वर्षभन्दा बढी उमेरसम्म शिक्षक पदमा वहाल रहने शिक्षकबाट बढी अवधि उपभोग गरेको तलब भत्ता असुलउपर गर्ने सम्बन्धमाः**

क. शिक्षा नियमावली, २०५९ को नियम ११७ मा सम्बन्धित शिक्षकले अनुसूची- १८ बमोजिमको फाराम भरी आफू अनिवार्य अवकाश हुनुभन्दा नौ महिना अगावै सम्बन्धित विद्यालयमार्फत शिक्षा विकास तथा समन्वय इकाइ र राष्ट्रिय किताबखाना (शिक्षक) लाई जानकारी उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ। यस व्यवस्थालाई कडाइका साथ लागू गर्न सम्बन्धित सम्पूर्ण विद्यालयहरूलाई निर्देशन दिनुहुन। समयमा कागजात तथा विवरण पेश नगरेकै आधारमा ६० वर्षभन्दा बढी उमेरसम्म कुनै पनि शिक्षक पदमा बहाल रहन मिल्ने हुँदैन।

ख. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ मा कुनै पनि शिक्षकलाई ६० वर्षको उमेरभन्दा बढी अवधिसम्म शिक्षण पेशामा रहन छुट नदिएको हुँदा निजले सिटरोल साथ पेश गरेका वा पछि पेश गरेका जन्ममिति खुलेका कागजातहरू मध्ये जुन कागजातबाट निजको उमेर पहिले ६० वर्ष पूरा हुन्छ सोको आधारमा अवकाश दिई बढी अवधि सेवा गरेको देखिए सो अवधिमा निजले उपभोग गरेको तलबभत्ता असुल उपर गर्नु पर्ने देखिन्छ। त्यस्तो बढी समय कार्य गर्ने शिक्षकले उक्त समयमा

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं।
०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

उपभोग गरेको सुविधा राष्ट्रिय किताबखाना (शिक्षक) बाट यकीन गर्दा बढी खाएको रकमको वास्तविक आँकडा निकाल्न कठिनाइ हुने देखिएकोले उक्त बढी अवधिमा निजले उपभोग गरेको रकम तलब भत्ता खुवाउने निकायबाट किटानी भई आएको आधारमा सो बराबरको रकम निजले पाउने औषधि उपचार, बिरामी बिदा, निवृत्तभरण लगायतका रकमबाट कट्टा गरी नियमानुसारको निवृत्तभरण अधिकारपत्र उपलब्ध गराउन उपयुक्त हुने भएको हुँदा यसरी ६० वर्षको उमेर भन्दा बढी अवधिसम्म सेवा गर्ने शिक्षकले उक्त अवधिमा विभिन्न शीर्षकमा (जस्तैः तलब, ग्रेड/तलब वृद्धि, महङ्गी भत्ता, सञ्चयकोष थप, बीमा कोष थप, प्रधानाध्यापक वापतको भत्ता, स्थानीय भत्ता, पोशाक भत्ता, चाडवाड खर्च, अन्य भत्ताहरू आदि) भुक्तानी लिएको रकम किटानी गरी नियमानुसारको सुविधाको लागि यस किताबखानामा कागजात सिफारिस गरी पठाउनु हुन। ६० वर्षको उमेरभन्दा बढी उमेरसम्म नोकरी गरी तलब भत्ता वापत उपभोग गरेको रकम निजबाट असुल उपर गर्नु भनी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र कौषी तोषाखानाबाट समेत पत्राचार भएको देखिन्छ।

ग. कुनै शिक्षकले राष्ट्रिय किताव खाना (शिक्षक) मा आवश्यक कागजात पेश नगरेका कारण निजले ६० वर्षको उमेरभन्दा बढी समयसम्म पेशामा रही ६० वर्षको उमेर नाघेपछि बढुवा समेत पाएको अवस्थामा त्यस्तो बढुवालाई बढुवा दिने सम्बन्धित निकायले बदर गर्नुपर्ने। तसर्थ कुनै शिक्षक ६० वर्षको उमेर पश्चात् बढुवा भएको पाइएमा निजलाई साविक पदमा कायम गरी निजले बढी अवधि काम गर्दा उपभोग गरेको रकम समेत किटानी साथ उल्लेख गरी नियमानुसारका सेवा सुविधाको लागि सिफारिस गरी पठाउनु हुन।यस सम्बन्धमा शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको च.नं. २७६१ मिति २०६९/११/१६ को पत्र संलग्न गरिएको छ।

घ. त्यसरी अवकाश प्राप्त हुने उमेर भन्दा पछिको बढुवाले मान्यता पाउन नसक्ने भएकोले बढुवा वदर भई आएपछि मात्र अवकास पश्चात पाउने निवृत्तभरणसमेतका सुविधाहरू यस किताबखानाबाट उपलब्ध गराइने छ।

ङ. यसरी ६० वर्षको उमेरभन्दा बढी अवधि सेवा गर्ने अवस्था आउन नदिनको लागि सम्बन्धित शिक्षकहरूलाई समयमै जानकारी गराउनेतर्फ स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइहरूले विशेष ध्यान पुर्‍याउनु पर्ने देखिन्छ।

४. शिक्षकको बिरामी बिदा सञ्चित गर्ने तथा रकम भुक्तानीको लागि सिफारिस गरी पठाउने प्रक्रिया सम्बन्धमाः

क. शिक्षा नियमावली, २०५९ को नियम १०६ को उपनियम (१) को खण्ड (ग) मा शिक्षकले बिरामी बिदा वर्षभरिमा बाह्र दिन पाउने छ भन्ने व्यवस्था रहेको छ भने ऐ को उपनियम (३) मा "शिक्षकले बिरामी बिदा सञ्चित गर्न सक्नेछ। शिक्षकले प्रत्येक वर्ष यस्तो बिदा निरीक्षकबाट

२०८०।१।२३
**युवराज पौडेल**
**उपमहानिर्देशक**

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं

०१-५३७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८०/०८१
च.नं.

प्रमाणित गराई राख्नु पर्नेछ। कुनै व्यहोराले शिक्षक सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा वापत निजको पदाधिकार रहेको पदमा खाईपाई आएको तलब स्केलको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ" भन्ने व्यवस्था रहेको छ।

ख. यस नियमावलीको प्रस्तुत व्यवस्था बमोजिम शिक्षकको सालबसाली रुपमा सञ्चित हुने बिरामी बिदाको अभिलेख विद्यालयमा छुट्टै रजिष्टर खडा गरी सम्बन्धित निरीक्षक/पदाधिकारीबाट प्रमाणित गराई सुरक्षित राख्ने दायित्व सम्पूर्ण रुपमा सम्बन्धित प्रधानाध्यापकको हुने भएकोले प्रत्येक शैक्षिक वर्ष समाप्त भएको १ महिनाभित्रमा शिक्षकको वार्षिक रुपमा सञ्चित रहेको बिरामी बिदा सम्बन्धित स्थानीय तहमा कार्यरत अधिकृतस्तरको शिक्षा शाखा प्रमुखबाट प्रमाणित गराउने र शिक्षा शाखा प्रमुखमा अधिकृतस्तरको कर्मचारी नभएमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतबाट बिदा प्रमाणित गराई अभिलेख सुरक्षित राख्न सम्बन्धित सम्पूर्ण प्रधानाध्यापकहरूलाई निर्देशन दिनुहुन। यससँग सम्बन्धित फारामहरू: फाराम नं. १, फाराम नं. २ र फाराम नं. ३ संलग्न गरिएको छ। फाराम नं. १ र २ विद्यालय र सम्बन्धित शिक्षकले आफुसँग सुरक्षित राख्ने। फारम नं. ३ चाहिं सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइमा १/१ प्रति राखी १ प्रति यस किताबखानामा इमेल गरी पठाइदिनुहोला। इमेल ठेगाना: stroedu@gmail.com

ग. शिक्षकको अवकाश पश्चातको सञ्चित बिरामी बिदा प्रमाणीकरणको लागि प्रधानाध्यापकले स्थानीय तहमा पेश गर्दा विद्यालयमा रहेको प्रमाणित बिदा अभिलेखका आधारमा मात्रै गर्ने र स्थानीय तहको शिक्षा शाखा प्रमुखले सो सक्कलै अभिलेख हेरी तथा आवश्यक ठानेमा सम्बन्धित शिक्षकको विद्यालयमा रहेको सक्कल हाजिरी रजिष्टरहरू समेत हेरी अध्ययन गरी विवरण सत्यापन गरी रुजु गरेपछि इकाइ प्रमुखले समेत आवश्यकता अनुसार सक्कलै बिदा रजिष्टर समेतका अभिलेख अध्ययन गरी पछिसम्म फरक नपर्ने गरी विवरण यकीन गरेर मात्रै सञ्चित बिरामी बिदा प्रमाणित गरी रकम भुक्तानीको लागि किताबखानामा पठाउने।

घ. यस किताबखानाबाट यस अघि २०७३ सालसम्मको सञ्चित बिरामी बिदा सम्बन्धित विद्यालय निरीक्षकको सिफारिसमा इकाइ प्रमुखबाट प्रमाणित गरी पठाउनु पर्ने व्यवस्था गरिएकोमा हाल विद्यालय निरीक्षक कार्यरत नै नरहेको तथा हाल संविधानतः आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत रहेको हुँदा अब उप्रान्त सेवा निवृत्त शिक्षकको सेवा अवधिको सम्पूर्ण बिदाको विवरण एकमुष्ट एउटै फाराममा (२०७३ सालसम्मको छुट्टै फाराममा पेश गर्नु नपर्ने) सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको कर्मचारीबाट सिफारिस गर्ने र सोको आधारमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट प्रमाणित गरी पठाउनु पर्नेछ।

२०८१/०१/२२

**युवराज पौडेल**
**उपमहानिर्देशक**

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० Email: stroedu@gmail.com

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना
(शिक्षक)
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।
०१-५६७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

ङ. कार्यरत शिक्षकको हकमा समेत बिदा सिफारिस तथा प्रमाणित गर्ने पदाधिकारीहरूले आवश्यकता अनुसार बिरामी बिदाको सक्कल अभिलेख एवम् सम्बन्धित शिक्षकको सक्कल हाजिरी रजिष्टर समेत अध्ययन गरी पछिसम्म फरक नपर्ने गरी विवरण सत्यापन गरी पूर्ण रूपमा यकीन गरेर मात्रै रुजु तथा प्रमाणीकरणको कार्य गर्नुहोला। यसरी प्रमाणीकरण भएको विवरण अन्यथा सावित भएमा सोको सम्पूर्ण जिम्मेवारी सिफारिस गर्ने प्रधानाध्यापक र प्रमाणित गर्ने पदाधिकारीहरूले लिनुपर्ने।

च. यससम्बन्धी आवश्यक फारामहरू यस किताबखानाले विकास गरी उपलब्ध गराउनेछ।

छ. शिक्षकको सञ्चित बिरामी बिदाको अभिलेख तयार पार्ने, सो अभिलेखलाई प्रत्येक वर्ष सम्बन्धित स्थानीय तहको अधिकृत स्तरको शिक्षा शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई सुरक्षित राखे जिम्मेवारी सम्पूर्ण रुपमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुने भएकोले उक्त कार्य नियमित तवरले अनिवार्य रुपमा निर्वाह गर्न प्रधानाध्यापकहरूलाई निर्देशन दिनुहोला।

ज. शिक्षक अवकाश भए पश्चात् प्रधानाध्यापकद्वारा पेश गरिएको सञ्चित बिरामी बिदाको विवरण सम्बन्धित पालिकाको अधिकृत कर्मचारीबाट रुजु भई सोका आधारमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट प्रमाणित भई आएको विवरणलाई अन्तिम तथा आधिकारिक विवरण मानी राष्ट्रिय किताबखाना (शिक्षक) बाट रकम भुक्तानी गर्ने गरिएको हुँदा झुट्टा तथा गलत विवरण सिफारिस वा प्रमाणित गरी पठाएका कारणबाट भुक्तानी हुन गएको रकमको विषयमा बिरामी बिदा पेश गर्ने सम्बन्धित प्रधानाध्यापक, रुजु तथा सिफारिस गर्ने स्थानीय तहको सम्बन्धित अधिकृत तथा प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखलाई सम्पूर्ण रुपमा जिम्मेवार बनाउने। यसर्थ शिक्षकको सञ्चित बिरामी बिदा सिफारिस तथा प्रमाणित गर्दा पछिसम्म फरक नपर्ने गरी यकीन गरेर मात्रै पठाउन सम्बन्धित प्रधानाध्यापक, स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइहरूले उच्च सतर्कता अपनाउनु गर्ने।

झ. मिति २०७६/०१/१७ मा तत्कालिन शिक्षा सचिवज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयः शिक्षा नियमावलीको छैठौं संशोधन २०६७/१०/०९ पश्चात् शिक्षकलाई अस्थायी नियुक्ति गर्ने प्रावधान हटी करार सेवामा मात्रै नियुक्ति गर्ने व्यवस्था कायम भएकोले त्यसरी करारमा नियुक्त शिक्षकलाई यस किताबखानाबाट सञ्चित बिरामी बिदाको रकम उपलब्ध नगराइने।

ञ. स्थायी शिक्षकहरूले अस्थायी सेवा अवधिमा सञ्चित गरेको बिरामी बिदाको रकम समेत निजको तत्काल कायम रहेको तलब स्केलका दरले हुन आउने रकम भुक्तानी दिने व्यवस्था बमोजिम सञ्चित बिरामी बिदाको रकम भुक्तानीको दर (स्थायी र अस्थायी अवधिको) फरक फरक हुने भएको हुँदा यस्ता शिक्षकको हकमा अस्थायी सेवा अवधिमा खर्च गरेको बिरामी बिदा अस्थायी अवधिकै सञ्चित बिदाबाट कटाउने र स्थायी अवधिमा खर्च भएको बिरामी बिदालाई निजको स्थायी सेवा अवधिमा सञ्चित रहेको बिरामी बिदाबाट कट्टा गर्ने व्यवस्था मिलाउने तर स्थायी सेवा अवधिमा लामो बिदा बस्नु परेको कारण स्थायी सेवा अवधिमा सञ्चित गरेको बिरामी बिदाले नपुग हुने अवस्था सिर्जना भएमा त्यस्ता शिक्षकको हकमा भने अस्थायी सेवा अवधिको सञ्चित बिरामी बिदाबाट कट्टा गरी खर्च गर्न बाधा नपर्ने।

२०८१/०१/२२

युवराज पौडेल
उपमहानिर्देशक

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना**
**(शिक्षक)**
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

०१-५२७०७५७
०१-५३८३०२३
०१-५३८४९००

प.सं. प्रशासन ०८० ०८१
च.नं.

ट. शिक्षकको अस्थायी र स्थायी अवधिमा सञ्चित रहेका बिरामी बिदा वापत भुक्तानी हुने रकमको दर फरक फरक भएको हुँदा स्थायी तथा अस्थायी अवधिमा काम गरेका सम्पूर्ण विद्यालयगत विवरण खुलाई समष्टिगत फारामका अतिरिक्त अन्य छुट्टाछुट्टै फाराम (स्थायी अवधिको छुट्टै फाराम, अस्थायी अवधिको छुट्टै फाराम र दुबै अवधिको विवरण समेटिएको समष्टिगत फाराम) मा सञ्चित बिरामी बिदाको विवरण प्रमाणित गरी रकम भुक्तानीको लागि शिक्षक अवकाश भए पश्चात् यस किताबखानामा पठाउनु पर्नेछ। यससँग सम्बन्धित फारामहरू (फाराम नं. ४, फाराम नं. ५ र फाराम नं. ६) संलग्न गरिएका छन्।

ठ. शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (७) बमोजिम अस्थायी सेवा अवधि जोडेर मात्रै निवृत्तभरण पाउने शिक्षकलाई अस्थायी सेवा अवधिको सञ्चित बिरामी बिदाको रकम भुक्तानी दिन नमिल्ने हुँदा सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ। यसका अतिरिक्त निजको अस्थायी सेवा अवधि औषधि उपचार रकम निर्धारण प्रयोजनको लागि समेत गणना नहुने व्यहोरा अनुरोध छ।

**बोधार्थः**
श्री विद्यालय शिक्षा महाशाखा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं

२०८०/०९/१३

**युवराज पौडेल**
**उपमहानिर्देशक**